# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/ ११ /०४

पांचौ अधिवेशन

(नवौं बैठक )

बाचन पत्र (रिडिङ्ग पेपर)

माननीय सदस्यहरू, **पिठाशिन माननीय अर्जुन वहादुर थापा**

यस सभाको पांचौ अधिवेशनको नवौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम शून्य समय निर्धारर्ण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय कुलवरि चौधरि लाई समय दिन्छु ।

**मा० कुलविर चौधरीः-**

माननीय सभामुख महोदय नेपालसरकारले उखु खेतीलाई नगदे बालीको रुपमा लिएको हुदा यसको मूल्य निर्धारण पनि 536 कामूल्य निर्धारण भइसक्यो भएपनि अहिले किसानहरुले फ्याक्ट्रीबाट ४७१ का दरले भुक्तानि पाइरहेका छन। नेपाल सरकारले भ्याटकोरुप बाटनै किसानहरु वाट ६५ रुपयाँको दरले भ्याट काट्नु पर्ने र १ वर्षपछि पुनह किसानकै खातामा फिर्ताहुने भएकोहुनाले यदि किसानलाइ फिर्ता गर्नेनैहो भनेपछि 536 दरले भुक्तानी दिँदा राम्रो हुँने थियो। माननीय सभामुख महोदय गतवर्षपनि यस्तै किसिमले 65 रुपयाँका दरले पर्ति कुनटल 65 रुपयाँको दरले कट्टागरेको थियो र हाल आएर ४२ प्रतिषत मात्र त्यसको भुक्तानी पाएकाछन र यहाँ यदि वर्षै देखि त्यो ६५ रुपयाँको लागि कुर्नुपर्नेछ भनेपछि त्यसलाइ ५३६ रुपयाँकै दरले भुक्तानी हुनुपर्नेहो सभामुख ज्यू र यो हाम्रो सिमा क्षत्रमा जोडिएका किषान हरु हातमा पुर्जा समाएकाछन हातमा पुर्जा हुदाहुदै पनि खनजोत गर्न नपाएका र सीमा क्षेत्रको विवादको कारणले गर्दाखेरि बाटो घाटो पनि खन्न केहि अप्ठ्यारो हुनेभएकोहुनाले त्यसको समस्या समाधान कसरि गर्न सकुन्छ सभामुख महोदय र एउटायो कुनैपनि कारोवार गर्दा खेरि वाटोले छोएको जग्गाको वैङ्क धितो लिने र वाटोले नछोएको जग्गालाइ वैङ्कले नलिने गदि त्यस्तोहो भनेपछि त्यसको करपनि नलिनुपर्ने यदि धितो लिनुपर्नेहो भने त्यसको व्यवस्थापन पनि हुनु पर्नेहो सभामुख ज्यू। यति भन्दै आफ्ना भनाइ यहि टुङ्ग्याउछु धन्यावाद

मा० कृष्ण राज चौधरीः-

माननीय सभामुख महोदय म एउटा सानो कवितावाट सुरुवाद गर्न भाहान्छु। मेरो कविताको सिर्षक छ सफलताको चाङ चुरेको जंगल फडानी गर्नेगरी राजधानी बनाउने निर्णय गराइयो चुरेको जंगल फडानी गर्नेगरी राजधानी बनाउने निर्णय गरायो यातायातको सुविधा दिइ प्रदेश बस सञ्चालनमा ल्यायो। सफलता गर्यो

सुदूरलाई समृद्ध गरायो २वर्ष नपुग्दै शान्ति सुशासन र विकासको चाङलगायो एकघर ५ फलफूल वोट वितरणगरी पूर्ण फलफूल आयात सुदुर बनायो महंगा मिठा फलफूल किन्नवाट सुदूरलाइ मुक्त गरायो सफलतै सफलता सुदूर लाइ सम्वृध गरायो दुईवर्ष नपुग्दै शान्ति सुशासन र विकासको चाङ लगायो। गरिमा धानको विउदिइ किसानलाइ राहत दिइ किशानको घउमा मलम लगायो । दुधालु गाइ भैशी फर्म खोलि ३० लाख जनतालाइ स्वस्थ दुध पिलायो खोलियो।

सफलतै सफलता सुदूर लाइ सम्वृध गरायो दुईवर्ष नपुग्दै शान्ति सुशासन र विकासको चाङ लगायो। कुनैपनि प्रदेशमा नभएको अग्लो लामो सुबिधा सम्पन्न एम्बुलेन्स आयो कुनैपनि प्रदेशमा नभएको अग्लो लामो सुविधा सम्पन्न एम्बूलेन्स सुदूरमा भित्र्यो बिरामी बोक्ने सवारी साधनमा जंगली जनावर वोक्न मद्दत पुर्यायो। सफलतै सफलता सुदूर लाइ सम्वृध गरायो दुईवर्ष नपुग्दै शान्ति सुशासन र विकासको चाङ लगायो।

सभामुख महोदय यो आर्थिक वर्ष दोस्रो चौमासिक बितिसक्दा हाम्रो सुदूर पश्चिम सरकार अहिले सम्म सुतिरहेको अवस्थाछ। म सरकारका मन्त्री सँग म प्रश्न गर्नचाहन्छु अव हाम्रो सरकार कहिले जाग्ने कहिले निद्रा खोल्ने ७४/७५मा हामि थोरै समय भनेर आलटाल गर्यौ ७५/७६ मा हामिले कर्मचारि अभाव भनेर आलटाल गर्यौ। अव हामिले यो भएन त्योभएन भने हामिले सुति राख्यौ भने हाम्रो प्रदेशले कहिले विकासमा फड्को मार्ने। माननीय सभामुख महोदय मैले हिजो बस्ति समाचारमा थाहापाए पारि पट्टि इन्डियाका आर्मि वारिपट्टि नेपालमा माकालि वारि आएर सडक खन्दैछनरे।१ हप्ता पहिले यो नेपालि कांग्रेसले सिमा सम्वन्धि संकल्प प्रस्ताव दर्ता गर्यो संकल्प प्स्तावको बारेमा छलफलमा आएन सभामुख हमहोदय यो गम्भीर विषयहो हाम्रो प्रदेशको विषयहो राष्ट्रिय विषय त्यसैले तत्काल हाम्रो प्रदेश सरकारले यो समस्यामा चाडोभन्दा चाडो ध्यान दिनुपर्छ। यसलाइ वहसमा ल्याउनु पर्छ वोल्नु पर्छ सभामुख महोदय टिकापुर घटनाका वारेमा अहिले सम्म हाम्रो संघिय सरकार र प्रदेश सरकार केहिपनि वोलेन। टिकापुर घटनाको छानविन आयोगको प्रतिवेदन सार्वजनिक गरेन फागुनको 1 गतेदेखि थारुनेता लक्ष्मण थारुले अनसन वस्दा पनि यो हाम्रो सुदूर पश्चिम सरकार वेखवर भएकोछ लत्यसकारण म सरकारको ध्यान गराउन भाहान्छु। चाडो भन्दा चाडो यो लक्ष्मण थारुले उठाएका विषयमा यो सरकार गम्विर वन्नु पर्छ।र संघिय सरकारले टिकापुर घटनाको प्रतिवेदनलाइ सार्वजनिक गराइ निर्दोस रेसम चौधरि लगा १० जना जनप्रतिनिधिलाइ रिहा गर्नुपर्छ। धन्यवाद

**मा० नेपालु चौधरीः-**

माननीय सभामुख महोदय नेपालको संविधानको धारा 35 मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएकोछ हरेक व्यक्तिलाइ राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्तगर्ने हक स्वास्थ्य सम्बन्धी आकस्मिक सेवा वाट वन्चित गरिने छैन भन्ने कुरा लेखिएकोछ। तर अहिले अधिकारङस गाउ पालिकामा एच.ए. विहिन रहेकोछ तर नगरपालिकामा ति कर्मचारि थुपारेर राखिएकोछ।अहिले सम्म फुलवारि स्वास्थ्य चौकिमा २ वटा दर्वन्दि खालि रहेकोछ । म सरकारको ध्यन कर्षण गराउन चाहान्छु। यो नगरपालिकामा थुपारेर स्वास्थ्यकर्मी राखिने तर जाहँ स्वास्थ्य कर्मि हरुको आवस्यक्ताछ त्याहाँ स्वास्थ्यकर्मी नपठाउने यस्ता कामका कारणले त्यहाँका जनता हरुले स्वास्थ्य सेवाबाट बञ्चित हुनुपर्दछ। त्यसैले सरकारको ध्यानआर्षण गराउन

चाहान्छु। स्वास्थ्यकर्मीहरु कुन कुन ठाउँमा अपुग छन त्यो ठाँउमा स्वास्थ्य कर्मिहरु उठाइयोस र म अर्को कुरापनि माग गर्न चाहान्छु। फुलवारि स्वास्थ्यचौकी विगत दखि रहेको कारणले त्यसको स्तरो उन्नतिको लागि सरकारले पहल गरोस र यो ७५/७६ मा विनियोजित वजेट मेरो कैलालि गाउँपालिका र धन्गढी उपमाहानगर पालिकाको विचमा पर्ने गौगानित नलामा वजेट विनियोजित गरेको थियो।त्यो फ्रिज भयो यसपालि पनि ६० लाख वजेट विनियोजित गरेकोछ। तर अहिले सम्म त्यो नलाको डि.पि.आर.पनि वनेको छैन।अहिले पनि त्यो पैशा फ्रिज हुने अवस्थाछ।त्यसकारणले यो किन हरेक कुरामा ढिदाइ यो समयमै काम सम्पन्न गर्नु पर्नेमा अहिले सम्मपनि भएको अवस्था छेन। यसपालि पनि वजेट फ्रिज हुने अवस्था देखिन्छ त्यस कारणले सरकारको ध्यान त्यतातिर पनि छिटो जावस भन्नेकुरा राख्न चाहान्छु।अर्को हामिले यहि हलवाट स्थानिय तहका पदाधिकारिको सेवा सुविधाका वारेमा हामिले विधेयक पारित गरेका थियौ र अहिले ५ महिनाको दौरानमा स्थानिय तहका पदाधिकारिले भत्ता पाउन सकेका छैनन्। किन ढिलाइ भएकोछ सरकारले किन संसोधन परस्ताव ल्याएन यो छिटो ल्यावस भनि म सरकारको ध्यान आर्कसण गराउन चाहान्छु।ताकि रातदिन खट्ने जनपर्तिनिधि हरुले पनि भत्ता पाउनु पर्छ। म जोडदार माग गर्न चाहान्छु र अर्को हामिले योजना दिदा विना ठेगानको योजना दिनुपर्ने अवस्था आउछ।कसैका योजना धेरै कसैका थोरै र हामिले प्रदेश योजना आयोग वनाउने भनेकाथियौ अहिले सम्म त्यो वनाउन सकेका छैनौ।यो प्रदेश योजना आयोग छिटै गठनहोस भन्नेकु राख्न चाहान्छु। र अर्को कुरा यहि हलमा हामिले हुलाकि सडक सागुरो भएका कारणले दिनानु दिन गर्घना हुन्छ हुलाकको स्तरोन्नति होस भनेर हामिले माग गरेका थियौ।अहिले धनगढी उ.मा.न.पा.को वार्ड न. ७ सम्म मात्रैछ फुलवारि सम्म डवल ल्यानको कुरा आएकोछ। म संघिय सरकारको ध्यान के आर्कसण गराउन चाहान्छु भने यो हुलाकि सडक सवै फोर ल्यान वन्नुपर्नेहो किन भने भजनि सम्म नवने पनि अहिले यता वनिरहेको कारणले धनगढी उप माहानगर पालिका भित्र वनोस भनि सरकारको ध्यान आकर्षण गराउन चाहान्छु।धन्यावाद

मा० रण वहादुर रावलः-

मानननीय सभामुख महोदय यो नेपाली कांग्रेस संसदिय दलको तर्फवाट संकल्प प्रस्ताव प्रस्तुथ भएको २ हप्ता हुनलागेकोछ अलिकति छलफल भएतापनि अघिसम्म सत्तापक्षबाट अहिले केहि बगाडि वडिराखेको छैन।त्यस वारेमा यो गरिमामय सदनमा छलफल भएको छैन यो गरिमय सदनमा माननीय सभामुख मार्फत सरकारको ध्यान आकर्ष गराउन चाहान्छु।छिटो त्यो संकल्प प्रस्ताव याहाँ ल्याइयोस। अर्को यो हाम्रो प्रदेश सरकारको समाजिक विकास मन्त्रालयका मन्त्रि जीले केहि भ्रष्टाचा सम्वन्धमा उहाले वयान दिनुभएको छ।जवाफ दिनु भएकोछ।यो जवाफ दिने कर्ममा यहि निक्यौंल त हैन तर निकै गम्भिर विसय हरु उठेकोछ। त्यसको लागि माननीय मुख्यमन्त्रि ज्यूले भने अनुरुप एउटा सर्वदलिए छानविन समिति हुनुपर्छ भनेर हामिले भनेका थियौ।त्यो सम्वन्धमा अहिले सम्मपनि यो गरिमामय सदनमा जानकारि आएको छैन।मलाइ लाग्छ यस्ता प्रकारका विकृति हरु आइरहने भएको हुनाले आज प्रदेश सरकारको गरिमा घट्दै गइरहेकोछ।माननीय मन्त्रीहरु एकमना हिसाफले अगाडि वडेकाछन आफ्नै हिसाफले निति निर्माण गर्नेकाम गरिरहेका छन। यस्ले

सम्पुर्ण सुदूर पश्चिमको गरिमा घटेकोछ। माननीय सभामुख महोदय यस सम्वन्धमा यथासिग्र एउटा छनविन समिति वनोस भन्ने हाम्रो माग छ।त्यसको साथसाथै हामिले कृषि सम्वन्धमा पनि धेरैकुराहरु उठाएका थियौ र कृषि मन्त्रिले पनि अहिले सम्म जवाफ दिनुभएको छन। यसले केदेखिन्छ भने जेगर्दापनि हुन्छ भन्ने मनोवृति अहिलेका मन्त्री हरुमा गएकोछ। जनपर्तिनिधि को हत्या हुनेकुरा आछामका पदम वहादूर धामिको हत्या भएको छ। सान्ति सुरक्षाका कुरामा देश एकदमै अक्रान्त अवस्थामाछ। यस सन्दर्भमा पनि हामिले आन्त्रीक मामिला तथा कानुन मन्त्रिको जवाफ हामिले पाएका छैनौ।त्यसकारण माननीय मन्त्रीजी लाइ जवाफ दिएर अगाडि बढाउन अनुरोध गर्न चाहान्छु। विगतका वर्ष २ वर्षमा ४० प्रतिसत समय हाम्रो व्यतित भैसकेकोछ। र अहिले सम्म एउटा योजना आयोग वनाउन नसक्न त्यस सम्वन्धि विधेयक ल्याउन नसक्नु यो प्रदेश सरकारको कम्जोरि मले ठानेकोछु।यसमा माननीय सभामुख ज्युलाइ के अनोधछ भने कम्सेकम सिरकारको ध्यान आकर्षण गराएर छिटो भन्दा छिटो प्रादेशिक योजना आयोग वनाइयोस र विधि सम्मत तरिकाले योजना तर्जुमा होस र तिनै वर्ष भएपनि। अर्को केछ भन्दाखेरि अव्यवस्थित रुपले कैलालि कञ्चनपु आक्रान्तछ।आज ६०/६५ सालदेखि हाइवैमा होस वा कलेजमा होस अव्यवस्थित वसोवास छ।यसैगरि जंगलको छेउछाउमा पनि वसेका छन कलेज स्कुलका छेउछाउमा वसेकाछन त्यसलाइ व्यवस्थित गर्न यत्रो संविधानले बधिकार दिदापनि स्थानिय सर्कार प्रदेश सरकार र संघिय सरकार सुतेको अवस्थामाछ।किन यसुतो भैराखेकोछ यसमा यो प्रदेश सदनलाइ जानकारि हुनुपर्छ त्यसमेको लागिपनि अनुरोध गर्न चाहान्छु। अर्को महंगाइको कुरा गर्दा म उदार्ण दिन्छु लसुन जस्तोचिज ८०० रुपयाँ प्रति केजिछ।त्यस्ता तमाम उदमर्ण छन जुन गरिव जनताहरुले छुनै नसकिने गरि तरकारि हरुको मुल्य वडेको छ। त्यसको वारेमा यो प्रदेश सरकारले प्रदेश सभाले कस्तो प्रकारको निति लिने भनेर ध्यन आकर्षणने गर्नु पर्छ। भन्ने ठानेको छु हेन भने यो प्रदेश सरकार पर्तिको जनतामा नकारात्मक धारणा जनतामा वडेको मैल महसुस गरेकोछु।सथै करको वारेमा पनि व्यापक कुराहरु उठेकोछ। करहरु दोहोरो तेहोरो कर लगाएकोछ।ति करहरुको वारेमा अझै सम्मपनि यो सरकारको कानमा परेकोछैन।केहोत यसकावारेमा प्रदेश सभामा एउटापनि जवाफ आएको छैन।स्थानिय तहका जनप्रतिनिधि हरुले पाउनु पर्ने भत्ता हाकि केहो छिटोभन्दा छिटो दिनुपर्छ र उनिहरुको पनि मनोवल वड्छ। यसको लागि स्थानिय तहका जनप्रतिनिधि हरुको सेवासुविधाको वारेमा विधेयक यो सरकारले छिटो भन्दा छिटो ल्यावस र छिटो कार्यान्वयन गरोस यति भन्दै विदा हुन्छु धन्यावाद

मा० महेश दत्त जोशीः- माननीय सभामुख महोदय सुदूर पश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा लागु औषध र दुर्व्यसनी हरु अत्याधिक मात्रामा संख्यात्मक हिसाबले बढी रहेको छ। यो सुला सिमानका कारणले कञ्चनपुरको बेलौरी नगरपालिका देखि कैलालीको टीकापुरन गरपालिका सम्म दैनिकरुपमा साइकिल मोटरसाइकल गाडा र मान्छे भारीबोकेर पनि समानहरु खुल्ला रुपमा तस्करि भैरहेको छ ति समान भत्र ति वोराहरु भित्र लुरकाएर आउने सामानहरु सरकारको आँखा छलेर आउने समान हरु र लागु ओसद भित्रिएकोछ।सथै साना हतियार हरु भत्रिएको कुरा पनि चर्चामाछ त्यसैले योसीमामा तत्काल सुदूर पश्चिम सरकारले ध्यान देखाउनु पर्ने अवस्था देखिएकोछ अहिले युवा युबती हरुमा दुर्वेशन वडिरहेको यसको

अनुसन्धान गरेर तत्काल नियन्त्रण नगर्नेहो भने यसको विक्रालरुप कञ्चनपुर र कैलाली जिल्लाका साथै पाहाडि जिल्ला हरुमा यतै वाट गैरहेको कुरा आइ रहेकोछ। म सरकारको यतातिर ध्यान आकर्षण गर्न चाहन्छु र अहिले चुरे क्षत्रमा काठ तस्करी बढेको कुरापनि व्यापक पत्रपत्रिकाहरूमा आइरहेकोछ । यो सन्दर्भमा सरकारले केकति पहल कदमि गरिरहेकोछ कतिपय ठाएमा वैज्ञानिक वन व्यवस्थापनको नाममा भिरालो ठाउँमा पहाडी भेगमा पनि जाहाँ मापदण्ड विपरीत यहाँपनि व्यापक रुपमा जनगुनासो आइरहेकोछ। सरकारले यो समस्याको विषयमा केगरिरहेकोछ। अर्को कुरा यो संघिय सरकारले विगत वर्षमै अहिले कर्यान्वयनमा छुटेका संघीय सरकारका योजनाहरू प्रदेश सरकारले कार्यान्वयन माल्याउन सकिरहेको छैन खासगरी खानेपानिका समस्या वजेट विनियोजन भएकोछैन बजेट विनियोजन भएको ठाउँमापनि न्यून बजेट अपुग वजेट त्यस्तो अवस्थामा सम्पन्न हुन गइरहेका खानेपानीका टंकी पनि वनिसकेका वोभरहेड ट्ंिक वनिसका योजनाहरु कञ्चनपुरमा अहिले वेवारिसे अवस्थामा रहेकाछन् सोसम्बन्धमा सरकार के गरिरहेको छ तत्काल त्यो थोरै पैशाले सम्भव छैन। एउटा योजनालाइ सम्पन्न गर्न कर्मिक रुपमा सरकाले वडाउनु पर्छ भन्ने मेरो अनुरोधछ। अथवा सरकारलाई आग्रह रहेकोछ । यस्तै कैलाली र कञ्चनपुरमा बेवारिसे गाइको अवस्था भएको गाईत व्यवारिसे भए यो गाइलाइ समालने कस्ले हो यो जिम्मेवारी पनि व्यवारिसे अवस्थामा भएकोछ स्थानिय तहले सकिरहेको छैन। त्यसकारण प्रदेश सरकारले संयुक्त रुपमा गर्ने भनेर यसै शवर्षको बजेटमा हामीले बजेट विनियोजन गरेकाथियौं। त्यो वजेटको अवस्था केभइरहेकोछ काहाँ कार्यान्वयन भएकोछ।अतिको कार्यविधि वनि रहेको छ र हामिले वनाएका ऐन हरुको कार्य विधि नवने कारणले कतिपय कामहरु भएको छैन। क्रमचारि अभावको कुरा याँहा सुनिन्छ। कर्मचारी करारमा भर्ना गर्न केले रोकेकोछ।यस्तो अवस्था किन भइरहेकोछ । पर्यटन वर्षको सन्दर्भमा कुरागर्दा हाम्रोयाहाँ भएको पर्यटकिय क्षेत्रहरु खासगरि शिव धामको मेला चलिरहेकोछ। सिद्द वावाको पूर्णागिरिबाट आउने पर्यटक हरुकोलागि उचित बासस्थान उचित स्वागत योवर्ष गर्नुपर्नेहो। लाखौ पर्यटकहरु भित्रिने नवरात्री देखि चैतदेखि भित्रिने सम्भावना छ कञ्चन पुरमा त्यसको विसयमा सरकार किन मौनछ। सरकार वडा गम्भिरताका साथ सायद भित्र भित्रै काम गरिरहेकोछ। यसैले यो गाई व्यवस्थापन पर्यटकीय वर्षको सन्दर्भमा तदारुसाका साथ सरकारले अगाडि बढाउन सरकारले अगाडि कदम चालोस भन्ने मेरो चाहाना छ। र प्रदेश सरकारले निर्माण गरेका स्वास्थ्य संस्थाहरुमा स्वासथ्य कर्मिछैन भवन हामवले वनाएका छौ ति भवन हरुको सदुपयोग कसरि हुनेहो सरकारको ध्यानजावोस भन्ने कुरापनि यो शून्य समयमा राख्न चाहन्छु। र यो सन्तुलित बजेट कहिले यो सन्तुलन हुनेहो मन्त्रीहरुको क्षेत्रमा करोडौको वजेट गएको कुरा सुन्न आएकोछ। तर प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र 32 वटा छन् ति क्षेत्र हरुमा बजेट कार्यान्वयन को अवस्था छैन रातो किताब रातो किताव भन्दा अरुनै किताव वाट वजेट गरिरहेको मन्त्रीहरूको क्षेत्रमा अरु सामान्य प्रदेश सभा स द्हरूको क्षेत्रमा बजेट कहिलेपनि पुगिरहेको छैन। कसरी सन्तुलित वजेट कार्यान्वयन हुन्छ। योःपनि मेरो जिज्ञासा रहेको छ र प्रश सरकार र प्रदेश सभा विचमा समुन्वयको अभाव रहेको कुरा सवैले स्वीकार गरेकाछन् यो के भएको हो किन छलफल हुदैन किन प्रदेश सभाका जनपर्तिनिधिको कुरा सरकारले सुन्नै चाहँदैन अचम्मभयो सभामुख

महोदय यसको विषयमा सभामुख महोदय मार्फत सरकार र प्रदेश सभाको बीचमा संवाद सुरुहवस एउटा सुझाव संकलन होस प्रदेशको जनताको विकासको लागि प्रदेशको समुनतिका लागि समुन्वय हुन आवस्यक छ सभामुख महोदय यो समुन्वयको अभाव लाइ तत्काल सरकारले सम्वोधन गरोस भन्नेकुरा म यो सदनमा राख्न चाहान्छु धन्यावाद

**मा० शान्ती नेपालीः -**

माननीय सभामुख महोदय हाम्रो प्रदेशमा सुदूरपश्चिम प्रदेशमा हामीले अहिले सम्म पनि लिपुलेक लिम्पियाधुरा र कालापानी को विषयमा सायावनिक रुपमा सार्वजनिक महत्वको छलफलकै रुपमा नआएकाले जुन राष्ट्रियरूपमा त्यसको इसियू भएपनि राष्ट्रकै सवाल भएपनि सुदूर पश्चिम प्रदेश सरकार त्योसंग एकदमै नजिक रहेकाले सवै भन्दा पहिला सीमा अतिक्रमणमा पनि पछाडि पारिएको क्षेत्र सम्वृधि बाट पछाडि पारिएकै क्षेत्र परेकाले यसमा माननीय सभामुख मार्फत प्रदेश सरकार र नेपाल सरकारले त्यसका लागि व्वापक छलफल गरी सिमाना लाई नेपाली काहाँनै फिर्ता गराउनका लागि यो सरकारले यथा सिग्र निर्णय गरोस भनि म अनुरोध गर्नचाहन्छु। अर्को कुरा सुदू पश्चिमो पहिचान सवैभन्दा महत्वपूर्ण कुरा सुदूर पश्चिम कृषिमा आत्म निर्भर कुरा गरिरहेकाछौं कृषिमा आत्म निर्भरको कुरा गरिरहदा सुदूर पश्चिमकै पहिचान कोदो मकै फापर पुरानो खाद्य र स्वास्थ्यका लागि अर्गानिक खाद्य सबैभन्दा उपयुक्त खाद्य रहेकोछ र यो एकदमै अझैपनि कोदो मकै फापर हराइरहेकोछ। यसको संरक्षणका लागि यसकोपनि मुल्य निर्धारणसहित वलग र पकेट क्षेत्रको रुपमा लिएर पहाडी ७ जिल्ला लाइ कृषिमा आत्म निर्भर वनउनका लागि जडिबुटी मकै कोदो फापर लाई जोडेर लैजान म इव सरकारलाइ यसै अर्को अर्थिक वर्षका लागि आजैदेखि होमर्क गर्न म गरिमामय सदन सभामुख ज्यु मार्फत अनुरोध गर्दछु। अहिले अहिले हिमपातले गर्दा यतिखेर हाम्रो प्रदेशमा हिमपातले गर्दा इटा उद्धोगि देखि लिएर पाहाड र तराइ जिल्लाका किसानहरु कृषि व्यवसाय गर्ने फलफूल व्यवसाय गर्ने केही मुख्य गरिकन केराखेती गर्ने किसानहरूको सम्पुर्ण केरा वारि नष्ट भएकोछ र बझाङ जिल्लाको पनि वुङ्गल नगर पालिकाको वडान. छ तिर देखि लिएर थुप्रैठाउँमा केरा बारि पकेटक्षेत्र बनाएको थियो। त्यो सम्पुर्ण हिमपातले गर्दा नष्टभएकोछ। उसलाई कसरी यसलाई सम्बोधन गर्न सकिन्छ यो समस्यालाई समाधान गर्नपनि म यो सदन समक्ष अनुरोध गर्न चाहन्छु।र यो संविधानको मौलिक हकको धारा ४४ मै हामिले व्यवस्था गरेकाछौं । हलिया मुक्त हलिया गरिव विपन्न भुमि हिन र सुकुम्वाशी लाइ एकपटकका लागि घरवास र जमिन उपलब्ध गराउनेभन्ने कुराछ। यसलाई यथाशिघ्र छिटो छरितो प्रदेश सरकारले बेलैमा अगाडि बढाउनका लागि विभिन्न हली हरूलाई भुमि पलब्ध गराउनका लागि अनुरोध गर्दछु। सैक्षिक क्षेत्रमा वैज्ञानिक शिक्षा शैक्षिक गुणस्तरका कुरा गरेकाछौं। आधार देखि मा.वि. सम्म निःशुल्क शिक्षा प्राप्त गर्ने नागरिकको हक बालबालिकाको हकहो तैपनि हामिले लेख्ला लेख्दै च्यउँ उम्रेजस्तै उम्रेका बोर्डिङ्ग स्कुल हरुले गर्दा मनपरी शुल्क निर्धारण गरि महङ्गो सुल्क असुलगरि शिक्षा उपलब्ध गराइ रहेकाछन यसलाई नियन्त्रण गरि सरकारि विद्धालय मा आधार भुत देखि मा.वि. सम्मका अंरे माद्धम वाट सम्पुर्ण जिल्लामा यथा सिग्र व्यवस्था गर्न प्रदेश सरकारले छिटो भन्दा छिटो पहल कदमि लिनुपर्ने देखिन्छ।

यो एकदमै ज्यनुन समस्याको रुपमा रहेकोछ। यसले भोलि सरकारका ठुल्ठुला मेडिकल कलेजदेखि ठुला विद्यालय लाई पानी यसले असर गर्ने उतच्च तहका विद्यालय लाई पनि असर गर्ने र जनता सधै मारमा परिरहने समस्या श्रीजना हुनसक्छ यसकालागि प्रदेश सरकारले पहल गर्नु पर्नेछ।अर्को कुरा भ्रमण वर्ष २०२० लाइ हामीले घोषणा गरौं उत्घाटन गरौं यसका लागि सुदूर पश्चिम जस्तो एकदमै पर्यटकिय स्थलमा आकर्षण गराउन आफैपनि प्राकृतिक रुपमा सुन्द रक्षेत्र सुन्दर प्रदेश यसमा चाहिँ कुनैपनि सर कारले खप्तड राष्ट्रिय निकुन्ज पोखराले बझाङ जिल्लामा पनि वर्दिजिसया वन तपाक्षको तपोवन सुर्मा सरो वन थुप्रै पर्यटकिय स्थल हरु छन। सुक्ला फाटा देखि लिएर कैलाली कञ्चनपुर ९ वटै जिल्लामा तर कुनै पनि व्यवस्थापन अहिले सम्म अगाडि वडेको छैन यो आर्थिक वर्षमा र नयाँ आर्थिक वर्क्षको वजेटमा यदि छभने अहिले तत्काल कतै छभने यसका लागि अलि अभियानकै रुपमा प्रदेश सरकारले अगाडि बढाउनु पर्ने जरुरी देखिएकोछ । यसका लागि पनि सरकारले गम्भिर हुनुपर्ने देखिन्छ यो पनि मैले यो सभामुख मार्फत अनुरोध गरे महँगि र कालो बजारीले जनता एकदमै अतालीकोछ। विचौलिया हरुले सामान अथवा जुनसुकै उपभोग्य वस्तु अन्य वस्तु हरु मनपरि ढंगले विक्रि वितरण भैरहेका छन। यसको नियन्त्रणको लागि सन्सदिय समिति गठनगरी बजारमा देखि लिएर सहरमा देखि लिएर गाँउ गँउमा मनपरि तरिकाले कालोबजारी र महँगि वृद्धिभएकोछ। यसलाइ नियन्त्र णगर्नकालागि यथासिघ्र आजैवाट लागेन भने प्रदेश सरकार भएको कुरा प्रदेश सरकार छभन्नेकुरा जनतामा निर्रासा तिर जाने स्थिति देखिन्छ। यसकालागि प्रदेश सरकारले यथाशिघ्र योजना अगाडि बढाउनु पर्नेदेखिन्छ धन्यवाद

**मा० लिलाधर भट्टः-**

माननीय सभामुख महोदय सवभन्दा पहिलेत दुईवर्ष यो प्रदेश सरकार लाइ वधाइ तथा धन्यावाद दिन चाहान्छु। अवको यो सुन्य समयमा केहि विषेश कुराहरु पुरा भै सकेका छन र हामिले गरेका केहि काम हरुको मुल्यङ्कन हुन वरुरिछ। र हामिले गरेका राम्रा कामहरुको प्रसंसा पनि हुनु पर्छ जस्तो लाग्छ मलाइ अहिले २ वर्ष भैसकेको अवस्थामा हामि कहि वितरण मुखित भएका छैनदकि भन्ने मलाइ लागि रहेको छ र आम जन समुदाय वाट प्रश्न हरु आइ रहेकाछन। हामिले ल्याएका कानून कार्या न्वयनमा छनकि छैनन् । हामले गरेको विकास निर्माण जनता सम्म पुग्योकि पुगेन हामिले साच्चिकै संघियताले जनताको घरदैलोमा साशन व्यवस्था पुगायोकी पुगाएन भन्नेकुरा मा प्रश्न हरु खडा भएकाछन। आज हामि २.५ लाखका योजना हरु दार्चुला र वैटडिका दुर्गम ठाउँ हरका डोटि वाट अग्तियारि दिइरहेका छौ । आज हामि धनगढीमा दुर्गमका योजनाहरुको २ लाखका चेक काट्ने व्यवस्था गर्दै छौ।के हामिले ल्याएको संघियता यहिहो । स्थानिय तहले करोडौका योजना वनाउदा प्रदेश सरकारले यतिसाना योजनाहरु वनाउदा जनताले गज्याइ रहेका हुदैनन्। यहिले हामिहरु योजनाहरु जसरि वितरण गर्दैछौ । यसले भविस्यमा संघियता पर्ति गम्भिर खतरा हने अवस्था देख्दैछौ । यसमा सरकारको गम्भिर ध्यान आकर्सण गराउन चाहान्छु। अन्य प्रदेश हरुमा आफ्ना कार्यालय नभएर पनि शिक्षा समुन्वय जिल्ला समुन्वय मार्फत काम भएका हामिले देखिराखेकैछौ।तर हाम्रा २लाख २.५ लाखका योजना हरु दिपायलमा आएर एग्रीमेन्ट गर्नुपर्ने वाध्यता

भएकोछ।र ५ लाखका कामको एग्रिमेन्ट गर्दा ति किस्ता फाइनल नभएको अवस्था हामि देख्दैछौ। तर एउटा महत्व पुर्णकुरा केछ भने यो सदन वाट पासभएको सुशान सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक अहिले सम्म प्रमाणिकरण नभएर कार्यान्यन आएको छैन भन्ने कुरा पनि सुन्नमा आएकोछ।हामिले सुशासन विधेयक अहिले सम्म वइवसाइटमा राखिएको छैन।तर ६ वटै प्रदेशका वेइवसाइटमा सवैकुरा हरु दुरुस्त राखेका हुन्टन र हाम्रो प्रदेशको वेइवसाइटमा केहि राखेको पाइदैन खालि फटा हरु र विदाका सुचना हरु मात्रै राखेका हुन्छन। यो के भएको हो यसको वारेमा पनि म सरकारको गम्भिर ध्यान आकर्षण गराउन चाहान्छु । हामिले युवा स्वरोजगार विधेयक सवैभन्दा वडि छलफल गर्यौ १ अरव पैषा छुट्यायौ। यो वेरोजगार युवा हरुलाइ अव देसमानै रोजगार सृजना गर्छौ भनेर सस्तो व्याजमा ऋण दिन्छौ भनेर १ अरव पैषा हामिले गत वर्ष छुट्यायौ।अहिले ७ महिना भैसक्यो अहिले सम्म कुनै पनि पहल अगाडि वडेको हामिले देखेनौ। हामले गत वर्ष साझेदारि सार्वजनिक वस संचालन गर्छौ भनेर २० करोड छुट्यायौ।अहिले सम्म त्यो साझदारि वस काहाँ सम्म पुगेकोछ त्यसकोलाग म सरकारको ध्यान आकर्सण गराउन चाहान्छै।यसका साथ साथै १ वर्ष ३ महिन हामिले प्रदेश राजधानि घोसणा गरेको भैसक्यो। अहिले सम्म त्यसको डि.पि.आर. रिपो त्यो प्देश सरकार सम्म पुग्योकि पुगेन त्यसमा पनि प्रदेश सरकारको गम्भि ध्यन आकर्षण गराउन चाहान्छु।अहिले हामि लाइसेन्स नभएका व्यक्ति हरले गाडि चलाएको हामिले देख्दैछौ।हामिले के सोच्छौ भने लाइसेन्स भर्नु भनेको रोजगार सृजना गर्नुहो भनेर सचेका हुन्छौ। केहि सिजनमा दिनु पर्छ भनेर त्योपनि वन्द गर्यो र त्योपनि अनलाइन भर्ने गरि धेरै युवाहरुले थाहा नपाउने गरि खौलिरहेको कुरा पनि हामिले देखिराखेका छौ र यसको वारेमा पनि सरकारको ध्यान आकर्षण गराउन चाहान्छु।ससको संसगै सुललभ पसल खोल्ने भनेर वजेट विनियोलन गरेकाथियौ। हामिले ८८ वटै स्थानिय तह हरुमा सुलभ सरल राख्छै भनेर हामिले सरकारको नितितथा कार्यक्रममा र वजेटमा पनि हामिले छुट्यायौ।त्यसको लागि के हुदैछ कस्ता संयनत्र वनदैछ। राज्यले भोलि किसानवनट खरिद गर्ने र किसान हरुलाइ सस्तोमा दिने खालको के कस्तो मेकानिजम हुदैछ। विद्धुत विकस वोर्ड गठन गर्ने भनेर पनि सरकारले कार्यक्रम राखेको थियो।यसका लाग पनि वजेट छुट्याका थियौ न विद्धुत विकस वोर्ड गठनभयो र करैडौ करोडका हाइड्रो पावर हरु हामिले जुन कार्यक्रम संचालन गर्ने भनेका थियौ ति कार्यक्रम हरु अगाडि वडेका छैनन्। हामिले विधेयकको कुरा गर्नेहोभने ५न. पर्देश र हाम्रो प्रदे हाराहारिमा कम्पोटसन जस्तै देखिन्छ।हामिसले आवस्यक विधेयक निर्माण गर्दै छौकि यो सदन भनेको विधेयक निर्माण गर्नका लागहो यो सदन लाइ विजनेस दिनु पर्छ हामिले देख्दै छौ भवन निर्माण सम्वन्धिको विधेयक त्यस्तै गरि अन्तर प्रदे वासिन्दा सम्वन्धिका विधेयक सं सस्था सम्वन्धि पर्यटन सम्वन्धि विधेयक ओध्योगिक सम्वन्धको विधेयक निजि सहकारि सम्वन्धको विधेयक हाम्रा महत्व पुर्ण विधेयक काहाँ सम्म पुगे के भयो यसमा पनि म सरकारको ध्यान आकर्षण गराउन चाहान्छु।धन्यावाद

**माननीय सदस्यहरु,**

आजको शून्य समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब“साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६”माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

“साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६” माथि दफावार छलफल पश्चात अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क वहादुर कुंवर लाई “साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६”माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सदस्यहरु,**

“साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६” माथिको आजको कार्वाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल फाल्गुन ५ गते सोमबार दिनको १.०० बजे बस्ने भएकोले उक्त मिति सम्मकालागी बैठक स्थगित भएको घोषणा गर्दछु ।